# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, असार ७ गते २०४६ साल (अतिरिक्ताङ्क १७

## भाग १

### राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको चालीसौं अधिवेशनलाई २०४६ साल आषाढ ७ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## शाही सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,**

१. दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतको चालीसौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। राजसभाले आफ्नो भवनमा राष्ट्रिय पञ्चायतको यस अधिवेशनलाई सञ्चालन गर्ने सुविधा प्रदान गरेकोमा राजसभालाई धन्यवाद दिन चाहन्छौं। राष्ट्रको सामु देखापरेका सबै समस्याको समाधानमा परिपक्व र वस्तुनिष्ठ चिन्तन, छलफल निष्कर्षद्वारा राष्ट्रको सर्वोपरि हित हासिल गर्न जनप्रतिनिधिहरू क्रियाशील हुने कुरामा हामी विश्वस्त छौं।

२. आज हामी योजनाबद्ध प्रक्रियाबाट सामाजिक तथा आर्थिक विकास सञ्चालन गर्दै न्यायोचित वितरण प्रणालीद्वारा सर्वसाधारण नेपालीका आधारभूत आवश्यकता निश्चित अवधिभित्र परिपूर्ति गर्न दृढ अठोट लिएर अगाडि बढिरहेका छौं। यस परिप्रेक्ष्यमा केही समय यता भू-परिवेष्टित शान्तिप्रिय स्वतन्त्र असंलग्न राष्ट्र नेपालमाथि भारत सरकारबाट एकतर्फी निर्णय गरी नेपाल-भारतबीचको व्यापार तथा पारवहन सन्धिहरूलाई टुङ्ग्याई दिनाले आइपरेको अप्ठेरो स्थिति हाम्रो आर्थिक गतिविधिमा अवरोधको रूपमा खडा भएको मात्र नभई मुलुकको जन-जीवनलाई खलबल्याउने चुनौतीको रूपमा देखापरेको कुरा सबै देशवासीले बुझेका छन्। यस स्थितिबाट उत्पन्न कठिनाइहरूको सामना गर्न नेपाली जनताले देखाएको अनुपम धैर्यको हामी सराहना नगरिरहन सक्तैनौं। यस्तो अवस्थामा सबैले संयमपूर्वक राष्ट्रिय सम्मान र आत्मनिर्भरताको लागि सचेष्ट रहनु पर्ने छ। आज सबैले अ-आफ्नो सङ्कीर्ण स्वार्थ, विचार र धारणामा अल्मलिनुको सट्टा चनाखो भएर राष्ट्रिय आकाङ्क्षा र उच्चतम राष्ट्रिय स्वार्थको लागि एकजुट भई अगाडि बढ्नु नै हामीले हाम्रो भविष्य र भावी पिंढीको लागि ऐतिहासिक जिम्मेवारी वहन गरेको ठहरिनेछ।

३. हाम्रो अर्थव्यवस्थामा पर्न आएको प्रतिकूल स्थितिको सामना गरी आर्थिक उन्नतिको बाटोमा अघि बढ्दै जाने उद्देश्यले मेरो सरकारले आर्थिक कार्यनीति जनसमक्ष ल्याइसकेको छ। आत्मनिर्भरता, आर्थिक अनुशासन र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९८

मितव्ययितालाई जोड दिने यो कार्यनीति अनुसार बनेका कार्यक्रमहरूलाई सफलताका साथ सञ्चालन गर्न मेरो सरकार प्रयत्नशील रहनेछ ।

४. आगामी आर्थिक वर्ष सातौं योजनाको अन्तिम वर्ष हो । यसै वर्षमा मेरो सरकारले आठौं योजना तयार गरेर जनसमक्ष ल्याउनेछ । आठौं योजनाले आधारभूत आवश्यकता पूर्ति गर्ने लक्ष्य हासिल गर्ने कार्यक्रमलाई आवश्यक स्रोत र साधन विनियोजन गर्नेछ । योजनाबद्ध विकासको दिशामा हामीले हासिल गरेका सफलताका अनुभवहरूका साथै हालसालैका कठिनाइहरूबाट प्राप्त अनुभवलाई समेत सदुपयोग गरी राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण, कृषि तथा उद्योगक्षेत्रको विकास, व्यापार विविधीकरण, प्राकृतिक वातावरणको सन्तुलन एवं संरक्षणका साथै राष्ट्रको सुरक्षालाई समयानुकूल बनाउँदै लाने कार्यक्रमहरूलाई प्राथमिकता दिंदै आगामी योजनाले आर्थिक तथा सामाजिक विकासलाई नयाँ आयाम दिनेछ ।

५. विगत केही वर्षदेखि सञ्चालन गरिंदै आएको आर्थिक समायोजन कार्यक्रमले सफलता हासिल गर्दै आएको तथ्य केही प्रमुख आर्थिक परिसूचकहरूले दर्शाएका छन् । हाल देशको अर्थतन्त्रमाथि अनायास पर्न आएको चापलाई समेत ध्यानमा राख्दै आर्थिक समायोजन कार्यक्रमको दोस्रो चरण सञ्चालन गरिनेछ ।

६. मेरो सरकारले वैदेशिक व्यापारलाई विविधीकरण गर्ने नीति कायम राखी आन्तरिक उपभोग्य वस्तु तथा औद्योगिक कच्चा पदार्थहरूको आयातमा पनि उदार दृष्टिकोण अपनाई आएको छ । निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको वर्तमान नीति जारी रहनेछ । स्वदेशी उत्पादनलाई बाह्य बजारमा प्रतिस्पर्धात्मक गराउन नगद एवं अन्य प्रोत्साहनहरू प्रदान गर्ने व्यवस्थालाई पनि अझ प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

७. निरपेक्ष गरीबीको रेखामुनि रहेकालाई रोजगारीका अवसरहरू प्रदान गर्नका लागि व्यावसायिक सीप विकास तालीमहरू विस्तार गर्दै लगिनेछन् । राष्ट्रिय विकासको प्रवाहमा महिला सहभागितालाई अझ बढी संलग्न गराउने महिला विकास कार्यक्रमलाई अगाडि बढाइनेछ ।

८. जनसंख्याको वृद्धिदर कम गर्ने बहुपक्षीय कार्यक्रमको कार्यान्वयनमा पञ्चायत, वर्गीय संगठनहरू, सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू र जन-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

395

साधारणको सक्रिय सहभागिता व्यापक रूपमा जुटाई कार्यान्वयनस्तरमा बढी तीव्रता र प्रभावकारिता ल्याउन मेरो सरकारले विशेष जोड दिनेछ ।

९. आगामी आर्थिक वर्षमा उपभोग्य वस्तुहरू, निर्माण सामग्री, इन्धन आदि अत्यावश्यक वस्तुहरूको नियमित आपूर्ति गर्नेतर्फ मेरो सरकारले ध्यान दिनेछ। साथै, केही अत्यावश्यक वस्तुको जगेडा भण्डार कायम गर्ने कार्यमा विशेष जोड दिइनेछ । अत्यावश्यक वस्तुहरूको मूल्यमा कृत्रिम वृद्धि हुन नदिन मूल्य-स्थितिको निगरानी गर्ने व्यवस्था मिलाइनेछ ।

१०. आधारभूत आवश्यकता परिपूर्ति गर्ने वस्तुहरूको उत्पादन मुलुकभित्र बढाउँदै लगी क्रमश: आत्मनिर्भर हुने उद्देश्य अनुरूप यस्ता उद्योगहरूमा निजी क्षेत्रबाट लगानी आकर्षित गर्न सुविधाहरू उपलब्ध गराइने क्रम जारी नै रहनेछ। निर्यातमूलक उद्योगहरूलाई विश्वबजारमा प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक सुविधा र सहुलियत प्रदान गर्ने नीति मेरो सरकारले लिएको छ । जनताका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा लत्ताकपडा र धागो उत्पादन गर्ने उद्योग-हरूमा निजी क्षेत्रको भूमिका बढाउँदै लैजाने नीति अनुरूप आवश्यक पर्ने सहयोगहरू उपलब्ध गराउने कार्यमा मेरो सरकारले ध्यान दिनेछ। तालीम, ऋण, प्राविधिक सेवा, बजारव्यवस्था सघन रूपमा उपलब्ध गराई घरेलु उद्योगको विकासलाई प्रोत्साहित गरिनेछ ।

११. कृषि विकासलाई मेरो सरकारले प्राथमिकता दिई आर्थिक विकासको अगुवा क्षेत्रको रूपमा परिचालन गर्दै लैजाने नीति अवलम्बन गरिआएको छ । खाद्यान्न उत्पादन बढाउने एवं फलफूल, तरकारी, माछा, मासु, दूध, फुल जस्ता पौष्टिक पदार्थको आपूर्तिमा आत्मनिर्भर हुने प्रयासलाई तीव्र गराउँदै लगिनेछ। कृषिजन्य उद्योगहरूका लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा वृद्धि गर्ने कार्यक्रमलाई अगाडि बढाउँदै लगिनेछ ।

उत्पादन कार्यका लागि कृषकहरूलाई आवश्यक पर्ने साधन तथा सेवा उपलब्ध गराउने कामको सञ्चालनलाई प्रभावकारी बनाउन इलाकामा रहने सेवा केन्द्रहरूमा कृषिसम्बन्धी निकायहरूको संगठनात्मक व्यवस्था क्रमश: पुऱ्याइनेछ। बीउबिजन, बोटबिरुवा जस्ता सामग्रीहरूको आपूर्ति बढाउन निजी क्षेत्रको संलग्नतालाई बढी जोड दिइनेछ। त्यस्तै, उत्पादित वस्तुको प्रशोधन, सञ्चय एवं



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 220

बजार व्यवसाय जस्ता पक्षमा निजी क्षेत्रलाई अग्रसर गराउन मेरो सरकारले प्रोत्साहनको व्यवस्था गर्दै जानेछ। साथै, साना किसान विकास आयोजनालाई अझ व्यापक र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१२. स्वस्थ जनशक्तिको लागि आधारभूत आवश्यकताको रूपमा रहेको स्वच्छ खानेपानी तथा सरसफाइ कार्यक्रमको विस्तार गर्दै लगिनेछ । खानेपानी, पानीढल र ढलनिकासको कार्यक्रमलाई जनसहभागिताको आधारमा अगाडि बढाइनेछ । आवास विकास कार्यक्रमलाई सघाउ पुऱ्याउन शहरी एवं ग्रामीण क्षेत्रमा जग्गा विकास कार्यक्रमहरू निजी र सरकारी क्षेत्रमा सञ्चालन गरिनेछन् । यस्ता कार्यक्रमहरूमा न्यून आयवर्गको आवश्यकतालाई विशेष ध्यान दिइनेछ । अधिराज्यको बढ्दो शहरीकरण प्रक्रियालाई योजनाबद्ध एवं व्यवस्थित गराउन राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा शहरी विकास कार्यक्रमहरू तर्जुमा गरिनेछन् । आवास तथा शहरी विकास कार्यक्रमहरूमा लगानी गर्न वित्तीय संस्थाहरूलाई परिचालन गरिनेछ ।

भूकम्प पीडित क्षेत्रमा आवास निर्माणको लागि ऋण उपलब्ध गराउने कार्य आगामी वर्ष पनि चालू रहनेछ। भूकम्प पीडित क्षेत्रका सदरमुकाम र बजार-क्षेत्रको नगर योजना बनाउने काम पूरा हुनेछ । साथै, भूकम्पबाट क्षतिग्रस्त दुई हजारभन्दा बढी विभिन्न तहका विद्यालयहरूको निर्माणकार्य भूकम्प प्रतिरोधक विधि अपनाई यसै वर्ष शुरु गरिनेछ ।

१३. भूमिको उत्पादकत्वमा वृद्धि गर्ने एवं भूमिमा परिश्रम गर्नेको हक सुरक्षित गर्ने उद्देश्य अनुरूप भूमिसुधार कार्यक्रमलाई सुदृढ गर्दै लगिनेछ। अनिवार्य बचत रकमको साँवाब्याज फिर्ता गर्ने काम आगामी आर्थिक वर्षमा पनि चालू रहनेछ । जग्गा-प्रशासनको कामलाई अझ सरलीकरण गरी व्यवस्थित ढंगबाट वैज्ञानिक रूपमा सञ्चालन गरिनेछ। नापी नभएका शहरी र ग्रामीण क्षेत्रमा कित्ता नापी गर्ने काम चालू रहनेछ । घरधुरी खडा गरी भोगचलन गरेको आधारमा गाउँ ब्लकको घरजग्गाको कित्ता नापी गर्ने काम चालू राखिनेछ ।

१४. मेरो सरकारले वनसम्पदाको संरक्षण गरी काठ, दाउरा लगायत वनपैदावारको आवश्यकता परिपूर्ति गर्न एक दीर्घकालीन वन विकास गुरु योजना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागू गरेको छ । यसका लागि स्थानीय जनता र पञ्चायतको सहभागितामा सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत पञ्चायती वन, पञ्चायत संरक्षित वनका साथै निजी तथा कबुलियती वन विकास कार्यक्रमहरू विस्तार गर्न जोड दिइनेछ । तर वन जंगलको संरक्षण सम्बर्धन गर्ने काम सरकारी स्तरबाट मात्र सम्भव नहुने भएकोले जनसाधारणको दैनिक उपभोगका लागि नभई नहुने काठ, दाउरा, डाले घाँस जस्ता वस्तुहरू आफैले आफ्नो घरखेतमा वृक्षरोपण गरी आफ्नो आवश्यकता आफ्नै प्रयासद्वारा पूरा गर्न प्रोत्साहित गरिने नीति लिइनेछ । यसै गरी विभिन्न ठाउँ र हावापानी अनुसार पाइने वन्यजन्तु र वनस्पतिको संरक्षण गर्ने कार्यक्रमहरू कायम राखिनेछन् ।

१५. पर्यटन उद्योगको विकासको लागि आवश्यक सुविधाहरू विस्तार गर्दै लैजानेतर्फ मेरो सरकार सक्रिय रहनेछ । नयाँ पर्यटन स्थलहरू विकास गर्नुका साथै पर्यटक उद्गम हुने मुलुकहरूमा पर्यटन प्रवर्द्धन कार्यक्रम प्रभावकारी रूपले सञ्चालन गरिनेछ ।

१६. प्राथमिक शिक्षाको विस्तारमा दिइएको जोड कायम राखिनेछ । विद्यालयस्तरको शिक्षाको अवधि हाल दश वर्ष भएकोमा यसमा दुई वर्ष थप गरी उच्च माध्यमिक तहको व्यवस्था गर्ने योजना मेरो सरकारले क्रमशः कार्यान्वयन गर्दै जानेछ । प्रौढ साक्षरता कार्यक्रमलाई वर्गीय संगठनहरूको सक्रिय सहयोग र सहभागितामा व्यापक रूपमा सञ्चालन गरिनेछ । आधारभूत तहको प्राविधिक जनशक्तिको आपूर्तिका लागि प्राविधिक शिक्षालयहरूको विस्तार गरिनेछ ।

विश्वविद्यालय शिक्षातर्फ विज्ञान तथा प्रविधि शिक्षाको विकासमा जोड दिई आएको छ । महेन्द्र संस्कृत विश्वविद्यालयको उत्थान र विकासको लागि प्रशासनिक, प्राज्ञिक तथा व्यवस्थापन पक्षमा विस्तृत रूपले अध्ययन गरी आवश्यक व्यवस्था मिलाउनेतर्फ मेरो सरकारले कार्य गर्नेछ । साँस्कृतिक एवं पुरातात्विक सम्पदाहरूको संरक्षण गर्नुको साथै यसमा गैरसरकारी निकायहरूबाट गरिने कार्यहरूमा सघाउ पुऱ्याइनेछ ।

१७. स्वास्थ्यको क्षेत्रमा जनतालाई एकीकृत रूपमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने र परिवार नियोजन जस्ता नियमित कार्यक्रमलाई व्यापक बनाउनुका अतिरिक्त औषधि उत्पादनमा बढी आत्मनिर्भरता ल्याउन प्रयास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

गरिनेछ । स्तरीय अस्पतालहरू स्थापना गर्न स्वदेशी र विदेशी निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । जनस्वास्थ्यमा महिलाहरूको भूमिका बढाउन वडास्तरमा आमा समूह र स्वास्थ्य स्वयम् सेविका तथा इलाकास्तरमा स्थानीय मातृशिशु कार्यकर्ताहरूलाई कार्यरत गराइनेछ ।

१८. दूर सञ्चार सेवा उपलब्ध हुन बाँकी दुर्गम जिल्लाहरूमा ट्रंक टेलिफोन सेवा विस्तार गर्ने र नगर पञ्चायतहरूमा स्थानीय टेलिफोन सेवा उपलब्ध गराउने कार्य आगामी वर्षमा पनि चालू राखिनेछ । मेरो सरकारले हुलाक सेवा विस्तार गर्ने क्रममा प्रत्येक इलाकामा इलाका हुलाक र प्रत्येक गाउँ पञ्चायतमा गाउँ पञ्चायत हुलाक क्रमिक रूपले स्थापना गर्ने कार्य आगामी आर्थिक वर्षमा पनि जारी राख्नेछ । रेडियो नेपालको प्रसारणलाई सफासँग देशका सबैजसो ठाउँमा सुन्न सकिने गराउन विकास क्षेत्रहरूमा मिडियम वेभ प्रसारण केन्द्रहरूको स्थापना क्रमशः गर्दै लगिनेछ । नेपाल टेलिभिजनको प्रसारणलाई देशका विभिन्न भागमा विस्तार गर्ने लक्ष्य अनुसार क्रमशः कार्यान्वयन गरिनेछ ।

१९. सडक यातायातमा महेन्द्र राजमार्गको बाँकी खण्ड, उत्तर-दक्षिण राजमार्ग तथा ती मार्गहरूलाई जोड्ने सहायक मार्गहरूको निर्माण र दैनिक उपयोगका सामानहरू मुलुकको एक क्षेत्रबाट अर्को क्षेत्रमा निर्बाध रूपले पुऱ्याउने सडकहरूको मर्मत-सम्भारमा मेरो सरकारले प्राथमिकता दिनेछ । साथै, दुर्गम पहाडी जिल्लाहरूमा घोडेटो बाटो र झोलुंगे पुलहरूको निर्माण तथा मर्मत-कार्यहरूलाई ध्यान दिइनेछ ।

डिजेल तथा पेट्रोल जस्ता आयातीत इन्धनमा मितव्ययिता अपनाउन मुलुकमा उपलब्ध विद्युत् शक्तिबाट ट्रलीबस तथा रोप-वे सेवा सञ्चालन गराउन सम्भाव्यताको आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछन् । सम्भव देखिएका नदीहरूमा जलयान सेवा क्रमशः सञ्चालन गर्दै लगिनेछ ।

२०. जलस्रोतको सदुपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने नीति रहेको छ । यसै सन्दर्भमा आगामी आर्थिक वर्ष मर्स्याङ्दी र आँधिखोला जल विद्युत् आयोजना सम्पन्न हुने र झिमरूक जल विद्युत् आयोजनाको निर्माण शुरु गरिनेछ । अरूण-तेस्रो जल विद्युत् आयोजना कार्यान्वयन गर्नेतर्फ आवश्यक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्वाधारहरूको निर्माणकार्य आगामी वर्षदेखि शुरु गरिनेछ। साना जल विद्युत् केन्द्रहरूको स्थापना एवं ग्रामीण विद्युतीकरणको माध्यमबाट विद्युत् सुविधा पुग्न बाँकी जिल्ला सदरमुकामहरूमा बिजुली पुऱ्याउने कार्य जारी रहनेछ।

सिंचाइ कार्यक्रमहरू कार्यान्वयन गर्न मेरो सरकारले प्राथमिकता दिंदै आएको छ। नदीनालाहरूको धारपरिवर्तन तथा कटानको रोकथाम गर्ने कार्य वर्गीय संगठनहरूको माध्यमबाट जनसहभागिता समेत जुटाई प्रभावकारी ढंगबाट मेरो सरकारले सञ्चालन गर्दै जाने नीति लिएको छ।

२१. स्थानीय पञ्चायतहरूको संस्थागत सुदृढीकरणको साथै विकेन्द्रीकरण नीति अनुरूप स्थानीय विकास कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने कार्यक्रमलाई तीव्र गरिनेछ। स्थानीय विकासकार्यको लागि आर्थिक स्रोतको रूपमा पञ्चायत विकास तथा जग्गाकरलाई परिचालन गर्न जिल्ला पञ्चायतले चाहेमा स्वीकृति दिने नीति रहेको छ। एकीकृत ग्रामीण विकास परियोजनालाई आधारभूत आवश्यकता परिपूर्ति गरिने कार्यक्रमहरूप्रति उन्मुख गराइनेछ। हिमाली तथा दुर्गम क्षेत्रका विकासका कार्यक्रमहरूलाई समन्वयात्मक एवं प्रभावकारी रूपमा सञ्चालन गर्न ध्यान दिइनेछ।

२२. पञ्चायतका वर्गीय संगठनहरूले स्वास्थ्य, शिक्षा, परिवार नियोजन र जनसंख्या नियन्त्रणसम्बन्धी बहुपक्षीय विषयहरू तथा नदी नियन्त्रण, वृक्षरोपण, कृषि उत्पादन, आयमूलक परियोजना सञ्चालन, धर्म र संस्कृतिको संरक्षण जस्ता कार्यमा सक्रिय रूपमा संलग्न भई जनसहभागिता परिचालन गरी योगदान गर्ने व्यवस्था कायम राखिनेछ।

२३. प्रशासनिक संगठनात्मक ढाँचामा सुधार र न्याय प्रशासनलाई प्रभावकारी, सुदृढ र सक्षम तुल्याउने कार्य जारी राखिनेछ।

२४. शान्ति-सुरक्षासँग सम्बद्ध अञ्चल, जिल्ला र प्रहरी प्रशासनलाई समयानुकूल प्रशिक्षित जनशक्तियुक्त तथा भौतिक साधन सम्पन्न तुल्याई अरू सक्षम र सुदृढ पार्ने नीति लिइनेछ। प्रहरी संगठनलाई इलाकास्तरसम्म विस्तार गरी सुरक्षा व्यवस्थालाई सुदृढ गरिनेछ। नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र सुगम तरिकाले उपलब्ध गराउने कार्य जारी रहनेछ। लागू पदार्थको दुरूपयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र अवैध कारोबारमा नियन्त्रण गर्ने गैरसरकारी सामाजिक संघ-संस्थासँग समेत समन्वय राखी प्रभावकारिता ल्याइने उपायहरू अवलम्बन गरिनेछन् ।

२५. शाही नेपाली सेनालाई समयानुकूल आधुनिकीकरण गरी सक्षम र दक्ष बनाउने नीति कायम रहनेछ । देशविकासको लागि विभिन्न निर्माणकार्यमा र दैवीप्रकोप भएको बखतमा उद्धार कार्यहरूमा शाही नेपाली सेनालाई परिचालन गर्ने परम्परा कायम राखिनेछ । संयुक्त राष्ट्र संघको आह्वानमा शाही नेपाली सेनालाई शान्ति स्थापना गर्न सरिक गराउने कार्य जारी नै रहनेछ ।

२६. नेपालले संसारका सबै राष्ट्रहरूसँग शान्ति, मैत्री र पारस्परिक सहयोगका आधारमा राखी आएको आपसी सम्बन्धलाई अझ सुदृढ र सार्थक बनाउँदै लैजाने परराष्ट्र नीति कायमै राखिनेछ । नेपालले असंलग्न अभियान र संयुक्त राष्ट्र संघको बडापत्रमा अन्तर्निहित मान्यताहरूप्रति दृढ आस्था राख्दै विश्वमा शान्ति र मैत्रीपूर्ण वातावरणको सिर्जनाको निम्ति प्रयास गर्दै आएको छ । फलस्वरूप, आज हाम्रो शान्तिक्षेत्र प्रस्तावप्रति समर्थन जनाउने मित्रराष्ट्रहरूको संख्या एकसय आठ पुगेको छ । यस प्रस्तावप्रति विश्वका बाँकी राष्ट्रहरूबाट समर्थन जुटाउँदै जाने प्रयास मेरो सरकारले जारी राख्नेछ ।

२७. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको माध्यमबाट दक्षिण एशियामा क्षेत्रीय सहयोग र समझदारी बढाउने दिशामा नेपालले सक्दो योगदान गरी आएको छ । गत वर्ष यस संगठनको अध्यक्षका हैसियतले हामीबाट सार्क सदस्य राष्ट्रहरूको भ्रमण यस संगठनको उद्देश्य हासिल गर्ने सिलसिलामा भएको थियो । यसरी नै इस्लामाबादमा सम्पन्न चौथो सार्क शिखर सम्मेलनमा दक्षिण एशियाली राष्ट्रहरूबीच आपसी सहयोग अभिवृद्धि गर्ने साझा भावना अभिव्यक्त भएको थियो । यही भावना अनुरूप यस वर्ष श्रीलङ्काको कोलम्बोमा हुन गइरहेको पाँचौं शिखर सम्मेलन पनि महत्त्वपूर्ण हुन जाने कुरामा हामी विश्वस्त छौं ।

२८. यता केयन् दशकदेखि दुई महाशक्तिबीच रहिआएको तनाव अहिले आएर शिथिल हुँदै गइरहेछ । यस प्रवृत्तिको नेपाल स्वागत गर्दछ । यस क्रममा दक्षिण एशिया क्षेत्रमा उत्पन्न विवादहरू पनि सार्वभौमिक स्वतन्त्रता र पारस्परिक सद्भावनाका आधारमा सुल्झनेछन् भन्ने कुरामा मेरो सरकारले आशा राखेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२९

छ। मैत्रीपूर्ण वार्ता नै समस्या समाधानको उपाय हो भन्ने कुरामा विश्वास राख्ने मेरो सरकार वार्ताको लागि सधैं तयार रही आएको छ।

२९. हाम्रो आर्थिक विकासको क्रममा र बेलाबखत पर्ने कठिनाइहरूमा मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट पाएको सहयोग र समर्थनको निम्ति मेरो सरकार सबैप्रति आभार व्यक्त गर्दछ।

३०. नेपालको संविधानले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यता अनुरूप प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रता लगायत विभिन्न मौलिक हकहरू सुरक्षित गरेको छ। यसैगरी हाम्रो संविधानले प्रजातन्त्रको मर्मलाई प्रष्ट पार्ने स्वतन्त्र न्यायपालिकाको व्यवस्था पनि गरेको छ। त्यसैले संविधानले दिएको हकलाई निर्बाध रूपले उपभोग गर्न समाजमा मर्यादा, शिष्टता, अनुशासन जस्ता कुराहरू दैनिक व्यवहारमा सबैबाट अपेक्षा राखिने गुणहरू हुन्। आशा छ, सदा झैं देश र जनताको हित हुने कुरामा मेरो सरकारलाई सबैबाट सहयोग प्राप्त हुनेछ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

**आज्ञाले,**
**जीवनलाल सत्याल**
**राष्ट्रिय पञ्चायतको सचिव**

मुद्रण विभाग



**मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226